# जैमिनी नगरपालिकाको आ. ब. २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम

नर बहादुर पुन

नगर प्रमुख

जैमिनी नगरपालिका, बागलुङ

## नगर सभा उपाध्यक्ष, नगर सभा सदस्य ज्यूहरु

१. नेपाली जनताको लामो त्याग र बलिदानबाट तयार भएको नेपालको संविधानको संवैधानिक अधिकार अनुसार स्थापना भएको यहाँहरुको घर गाँउको सरकार जैमिनी नगर सरकारको प्रमुखको रुपमा नीति तथा कार्यक्रम पेश गर्नु अघि म सम्पूर्ण अग्रज शहिदहरुप्रति भावपूर्ण श्रद्दाञ्जली अर्पण गर्न चहान्छु । साथै घाईते र अपाङ्गहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

२. नेपालको संविधानको अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ अनुसारका नगरपालिकाका काम कर्तब्य र अधिकारलाई आत्मसात गरि विकास प्रतिको आम चहानालाई सम्बोधन गर्न स्थानीय सरकारको रुपमा जैमिनी नगरपालिका क्रियाशिल र प्रतिबद्द रहेको छ ।

३. न्यूनतम् स्रोत र साधनका बिच गाँउ नै गाँउ र उच्च पहाडी भेगले भरिएको वस्तीहरुमा आशाको सञ्चार भर्दै भरपर्दो जननिर्वाचित संस्थाको रुपमा नगरपालिकालाई स्थापित गर्ने हाम्रो प्रयत्न जारी रहेको छ ।

४. आदरणीय नगरबासी नागरिकको हित र अधिकार सुनिश्चित गर्न **संमृद्ध जैमिनी, खुसी र आत्मनिर्भर जैमिनीवासी** को नारालाई सफल पार्न हाम्रो अथक प्रयास र यहाँहरुको रचनात्मक सल्लाह सुझाव र मार्गदर्शनलाई आत्मसात गर्दै, संवैधानिक व्यवस्था, दिगो विकासको लक्ष्य, प्रथम जैमिनी नगर आवाधिक योजनाको उद्देश्य सहित नागरिकको विकास प्रतिको चहानालाई सहि रुपमा सम्बोधन होस् भन्ने हेतुले यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

## नगरसभाका उपाध्यक्ष एंव नगर सभा सदस्यज्यूहरु,

५. हामीलाई प्राप्त साधन स्रोतको अधिकतम् सदुपयोग गरि समानुपातिक र सन्तुलित रुपमा विकासको लाभ सबै क्षेत्र र वर्गमा वितरण गर्न न्यायिक दृष्टिकोण अपनाईएको छ ।

६. नगरपालिका स्थापना भएको आठौ बर्ष प्रवेश गरिरहँदा पनि नगरपालिका हुन चाहिने न्यूनतम् पूर्वाधार र सुचकमा काम गर्नु परेको अवस्थालाई मध्यनगर गर्दै आम नागरिकमा देखिने विकास र आम नागरिकले सुन्ने स्थानीय सरकारको रुपमा स्थापित हुन विभिन्न योजना, कार्यक्रम र अभियानलाई यसै नीति तथा कार्यक्रम मार्फत जोड्न चाहान्छ ।

७. नगर सरकारको रुपमा जैमिनी नगरपालिका यस अवधिमा देखिएका अवसर र चुनौतिहरुलाई यहाँहरुकै सल्लाह, सुझाव र मार्गनिर्देशनका आधारमा निम्नानुसार चित्रित गर्दछ ।

### अवसरहरु

- जैमिनी नगरपालिकाको प्रथम आवाधिक योजना तयार भई कार्यान्वयनमा यसै आ.ब, लाई आधारवर्ष मानेर लैजान लागिएको ।
- जैमिनी नगरपालिका हुदै जाने राष्ट्रिय राजमार्ग कालिगण्डकी करिडोर यसै आ.व.मा सम्पन्न हुन लागेको र यसले दुई छिमेकी भारत र चिन समेत जोड्ने भएकाले आर्थिक र पर्यटकीय सम्भावनालाई उजागर गर्न सकिने ।
- जैमिनीको समग्र जग्गाको वर्गीकरण गरि उत्पादन र उपभोगका आधारमा जग्गाको विभाजन गरिएको ।

- जैमिनीको समग्र सडक विकास गर्ने नगर सडक गुरुयोजना तयार गरि कार्यान्वयनमा यसै आ. ब. लाई आधार वर्ष मानेर लैजान लागिएको।
- कृषि, पर्यापर्यटन जलस्रोत र खानीको सम्भावनाको खोजी गरि यथोचित उत्पादन र उपभोग बढाउन काम सुरुवात भएको।
  - विकासका गतिविधि सँगै आर्थिक गतिविधि क्रमशः चलायमान हुन थालेको, विकासका नविनतम् उपायहरु र सम्भावनाको खोजि भएको।

**चुनौतीहरु**

- बढ्दो बसाईसराईलाई नियन्त्रण गरि स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गर्नु।
- प्रतिस्पर्धी मानव जनशक्ति तयार गरि लगानी र उद्यमशीलता अभिवृद्दि गर्नु।
- न्यूनतम् नगरस्तरीय पुर्वाधार तयार गर्नु।
- आम नागरिकको चाहना र विकासको अभिलाषालाई परिपुर्ति गर्ने स्रोत र साधनहरुको खोजी गर्नु।
- कृषि योग्य जमिनको सहि सदुपयोग गरि उत्पादन र उत्पादकत्व बढाउनु।
- सेवाको गुणस्तर अभिवृद्दि गरि नागरिकमैत्री सेवा प्रवाह गर्नु।

**नगर सभा उपाध्यक्ष र सदस्य ज्यूहरु**

**अब म बिषयगत क्षेत्रका नीति र कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चहान्छु ।**

## आर्थिक विकास

### कृषि तथा पशु सेवाः-

८. जैमिनी नगरपालिकाको आर्थिक विकासको मेरुदण्ड कृषि तथा पशुपालन भएकाले कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यातमा जोड दिने गरि प्रवर्तनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकालाई मासु, दुध, मह, सुन्तला र केरामा पूर्ण आत्मनिर्भर बनाईनेछ भने उल्लेखित वस्तुहरुको निर्यात मार्फत आय आर्जनमा जोड दिइनेछ । यस बर्ष जैमिनी नगरपालिका वडा नं. १ मा **शेरा जाँउ केरा खाँउ** भन्ने नारा सहित केरा पकेट क्षेत्र विस्तार हुने छ भने वडा नं २ र ९ मा तरकारी पकेट क्षेत्र कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

९. कृषकले उत्पादन गरेको कृषि उपजको उचित बजारिकरण गर्न यसै बर्षबाट कृषि एम्बुलेन्स सञ्चालन गरिनेछ । कृषि संकलन केन्द्रहरु सञ्चालनका लागि कृषि सहकारीहरुलाई परिचालन गरिनेछ । कृषि उपजको बिक्रिका लागि नगरको कुश्मिसेरा बजारमा एक विक्रि केन्द्र सञ्चालन गरिनेछ भने नीजि क्षेत्रसँगको सहकार्यमा कृषि उत्पादनको बिक्रि सुनिश्चित गरिनेछ । यसरी बिक्रि केन्द्र मार्फत बिक्रि भएका उत्पादनको परिणामको आधारमा अनुदान दिईनेछ । कृषि उत्पादनको ब्रान्डिङ, प्याकेजिङ र लेबलिङका लागि जोड दिईनेछ ।

१०.स्थानीय आर्थिक विकासका क्षेत्रहरुको पहिचान र विकासका लागि स्थानीय कृषक समूहहरु र कृषि तथा दुग्ध सहकारी सँग सहकार्य गरि उत्पादनमुखि कार्यक्रम सञ्चालन गर्ने नीति लिईएको छ ।

११.बाँदरले कम क्षति पुर्याउने फलफूल र मसलावालीको विस्तारमा जोड दिईनेछ । व्यावसायिक फलफूल खेति प्रवर्द्नका लागि नाफा लगायतका प्राजेक्ट सँग समन्वय गरिनेछ । पुरानो गाँउमा स्थापना हुन लागेको बाँदर बगैँचा निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन अनुसारका पुर्वाधार थप गरिनेछ ।

१२.पशुपालक कृषकलाई बढि प्रतिफल दिने गरि नश्लसुधारका कार्यक्रम सञ्चालन गरिनेछ । पोषिलो घाँस, फलफूल बालीको विस्तारका लागि नर्सरी स्थापना गरिनेछ । उन्नत कृषि बाली लगाउन बिउमा अनुदान दिने कार्यलाई निरन्तरता दिईनेछ ।

१३.पशु उपचार सेवा, पशुपंक्षीको औषधी खोप पशु आहारा व्यवस्थापनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । पशु र कृषि प्राविधिकको सेवा प्रवाहलाई गुणस्तरीय बनाई विपद् र महामारीजन्य रोगको प्रतिरोधका लागि प्रभावकारी तयारी र प्रतिकार्य कार्यक्रम सञ्चालन गरिनेछ । रेविज जस्ता प्राणघातक रोग नियन्त्रणका लागि आवश्यक कार्यक्रम गरिनेछ ।

१४.खेतियोग्य बाँझो रहेको जमिनको प्रभावकारी अनुगमन गरि लगत तयार गरिनेछ । उत्पादनमुलक जमिन बाँझो राख्नेलाई नियमात्मक व्यवस्था गर्दै प्रयोगमा ल्याउने र लगाउने नीति लिईनेछ ।

१५. भूमि बैंक स्थापनाको सम्भाव्यता अध्ययन गरिनेछ । नगरपालिकाले अनुदान दिएका कृषि फर्महरुको अनुगमन गरि अनुदानको प्रभावकारिता सुनिश्चित गरिनेछ । कृषि मजुदर परिचालन मार्फत बाँझो जग्गा र फर्महरुको उत्पादकत्व बढाईनेछ ।

१६.भेडापालक कृषकलाई प्रोत्साहन गरिनेछ । माछाको सम्भावना भएका क्षेत्रमा अगुवा कृषकहरुलाई सोको सम्भावनाको खोजी गरि माछा पोखरी स्थापनाका लागि सहयोग गरिनेछ ।

१७. हल गोरु पालि व्यावसायिक रुपमा खनजोत गर्ने कृषकलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईएको छ। नश्ल सुधारको लागि व्यावसायिक राँगो पाल्ने कृषकलाई पनि अनुदान उपलब्ध गराईनेछ।

१८. रैथाने बिउ बिजनको संरक्षणका लागि बिउ बैंक स्थापना र सञ्चालन गरिनेछ। स्थानीय रैथाने बालीको प्रयोगबाट मुल्य जोड (Value Add) हुने वस्तु उत्पादन गरि बिक्रि गर्ने व्यवस्था गरिनेछ। अर्गानिक कृषि गाउँ स्थापना गरि पर्यापर्यटन आकर्षित गर्ने सोच राखिएको छ।

१९. काष्ठजन्य फलफूल र मसलावालीको विकासमा सरोकारवाला निकायसँग आवश्यक सहकार्य गरिनेछ।

## संस्कृति सम्बर्द्धन एवम् पर्यटन विकासः-

२०. जैमिनीमा धार्मिक र पर्यापर्यटकको सम्भावनालाई उजागर गर्दै पर्यटनका लागि आवश्यक पूर्वाधार थप्ने नीति लिईएको छ। धार्मिक तिर्थाटन गर्न चाहने धार्मिक पर्यटक लक्षित धार्मिक रुट जैमिनीधाम, शिवपुरिधाम, थन्थाप भगवतीमाई, हात्तिढुङ्गा, हाँडिकोट, सत्यवति, गाँजादह हुदै बागलुङ न पा को भैरवस्थान जोड्ने गरि विकास गरिनेछ भने मनोरञ्जन र सहासिक खेल र प्राकृति सँग रमाउन रुचि राख्ने पर्यटक लक्षित गरि पुतली गह्रा, पुरानो गाँउ, हाडिकोट, गाँजादह, कालापाताल, कमलजैसी हात्तीढुङ्गा, रिठेडाँडा र जैमिनीधाम पर्यापर्यटन रुट विकास गर्ने सोच राखिएको छ। पर्यटनलाई आधार बनाउदै आय आर्जनका कार्यक्रम सञ्चालन गरिनेछ। वातावरण संरक्षण सहित आर्गानिक उत्पादनको उपयोग पर्यटन सँग जोडिनेछ। पर्यटकहरुलाई जैमिनीको चिनो उपलब्ध गराउन सकिने गरि सिप विकास तालिम सञ्चालन गरिनेछ। घरवास लगायतका कार्यक्रम यहि रुट भित्र समाविष्ट हुने गरि आवद्द गरिनेछ, परम्परा र संस्कृतिहरुको संरक्षण गर्दै मेला महोत्सव पर्वहरुलाई प्रवर्द्धन गरिनेछ।

२१. जैमिनीधाम मन्दिरमा जैमिनीधाम विकास समिति गठन गरिनेछ। जैमिनीधाममा जैमिनी ऋषि सँग सम्बन्धित अध्ययन अनुसन्धान गरिनेछ। जैमिनी क्षेत्र विकासका लागि निर्माणाधिन गुरुयोजना अनुसार पर्यटन सम्बन्धि पुर्वाधार विकास गर्न सबै क्षेत्रसँग आह्वान र सहकार्य गरिनेछ।

२२. जैमिनी नगरपालिका वडा नं. ५ मा रहेको मनोरम रिठ्ठेडाडालाई नगरस्तरीय बाल उद्यान सहितको पर्यटकीय पिकनिक स्पोर्टको रुपमा विकास गरिनेछ।

२३. गाँजा दह र कालापाताललाई धार्मिक र पर्यापर्यटकीय केन्द्रको रुपमा विकास गरिनेछ।

२४. यस बर्ष छनौट भएको जैमिनी सांस्कृतिक गानलाई संगित दिई जैमिनीको पहिचान झल्कने गरि म्यूजिक भिडियो समेत निर्माण गरिनेछ।

## अर्थ उद्योग वाणिज्य र लघु उद्यमः-

२५. कालिगण्डकी करिडोरको विकासले सिर्जना गरेको आर्थिक अवसरहरुलाई प्रर्वद्धन गर्दै मुख्य मुख्य स्थानमा आवश्यक न्यूनतम् पुर्वाधार थप गरिनेछ।

२६. यस बर्ष जैमिनीमा निजि क्षेत्रको लगानी आकर्षित गर्ने सोच सहित आ.ब. ०८१।०८२ लाई लगानी बर्ष को रुपमा मनाउदै **अवसर र सम्भावनाको खानी, गरौ जैमिनीमा लगानी** भन्ने मुल नारा सहित प्रथम जैमिनी **लगानी सम्मेलन** गरिनेछ। व्यवसायी मैत्री वातावरण निर्माणका लागि व्यावसायीक संस्कार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२७. विदेश रहनु भएका घर परिवार लक्षित गर्दै वित्तिय साक्षरता कक्षालाई निरन्तरता दिईनेछ। व्यावसायीक योजना निर्माण गर्ने सिप हस्तान्तरण गरि वैदेशिक रोजगारीबाट प्राप्त आयलाई उत्पादनमूलक व्यवसायमा लगाउन समूह सहकारी परिचालनमा जोड दिईनेछ। बैदेशिक रोजगारबाट प्राप्त सिप, पुँजी र अनुभवलाई स्थानीय आर्थिक विकासमा परिचालन गर्ने नीति लिईनेछ।

२८. नगरपालिका भित्र औधोगिक ग्राम स्थापनाका लागि उपयुक्त जग्गाको खोजि गरि जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाईनेछ।

२९. लघु तथा घरेलु उद्योगहरुले स्थानीय स्रोतको प्रयोग गरि उत्पादन गरेका सामाग्रीको संकलन, स्तरीकरण र ब्राण्डिङका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ।

३०. गाउँघरमा रहनु भएका दिदिबहिनीहरुलाई आयआर्जनका गतिविधिमा जोड्ने गरि सिप विकास र तालिमका कार्यक्रम सञ्चालन गरिनेछ।

## सहकारी तथा वित्तीय क्षेत्रः-

३१. नगरपालिका क्षेत्र भित्रका सबै सहकारीहरुले अभिलेख व्यवस्थित गर्नका लागि COPOMIS सफ्टवेयरमा आधारित लेखा प्रणाली कार्यान्वयमा ल्याईनेछ।

३२. नगरपालिका भित्रका सबै क्रियाशील सहकारीहरुको प्रभावकारी नियमन गरि सहकारी प्रति आम नागरिकको विश्वास र भरोसा अभिवृद्दि गरिनेछ। सहकारी सञ्चालक तथा व्यवस्थापकहरुलाई आवश्यक तालिममा आवश्यक साझेदारी र समन्वय गरिनेछ।

३३. उत्पादनमूलक सेवा उद्योग र व्यवसायमा सहकारी संस्थालाई प्रमुख संवाहक (Key Diver forces) को रुपमा परिचालन गरिनेछ। एक सहकारी एक उत्पादन लक्षित कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

३४. वित्तिय पहुँच विस्तार गरि सबै नागरिकको बैंक तथा वित्तिय संस्थामा अनिवार्य खाता खोल्ने विषयलाई बैंक तथा वित्तिय संस्था सँगको सहकार्यमा सञ्चालन गरिनेछ। व्यावसायीक वातावरण तयार गर्न व्यावसायीक योजना तयार गर्ने तालिम सञ्चालन गरिनेछ।

## पूर्वाधार विकास

## पूर्वाधार विकास सम्बन्धि नीतिः-

३५. जैमिनी नगरपालिकाले लिएको प्रथम आवाधिक नगर विकास योजनाको दिर्घकालिन सोच, लक्ष्य र उद्देश्य अनुसार नगरपालिकाको प्रथम आवधिक योजना भित्र रहि नगरपालिकाको न्यूनतम् पुर्वाधार सुनिश्चिता कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

३६.यस बर्ष तयार भएको सडक गुरुयोजनालाई आत्मसाथ गरि सडक गुरुयोजनाले तय गरेका सडकलाई प्राथमिकताका साथ विकास गरिनेछ। प्राथमिकताक्रममा अगाडि रहेका सडकहरुको विस्तृत परियोजना प्रस्तावहरु तयार गरि संघ, प्रदेशसँगको समन्वयमा स्तरोन्नतीमा जोड दिईनेछ।

३७.नगरपालिकाले तोकेका दिगो सडकहरुको स्तरोन्नतीको कार्यलाई निरन्तरता दिईएकोछ।

३८.सडकहरुको दिगो संरक्षण र प्रयोग सुनिश्चित गराउन र निर्माण भएका योजनामा थप क्षति हुन नदिन वडागत मर्मत सम्भार कोष परिचालन कार्यविधिलाई संसोधन गरि निश्चित समयका लागि सडक हेरालुको प्रवन्ध गरिनेछ।

३९.ट्र्याक खोलिएका सडकको दिगो प्रयोगका लागि सडक बचाउने सोच सहित अनिवार्य कम्तिमा कच्चि नालीको निर्माण गरिनेछ, नयाँ खोलिने ट्र्याकको डिजाईन स्टिमेटमा कच्चि नाली निर्माण गर्ने नीति लिइनेछ।

४०.सबै नागरिकलाई कम्तिमा पनि १५ मिनेटको पैदल दुरीमा सडक पहुँचमा पुर्याउन थप गर्नुपर्ने सडकलाई प्राथमिकतामा राखि बजेटको प्रवन्ध गरिनेछ।

४१.नयाँ भवन निर्माण गर्दा अनिवार्य भवन निर्माण संहिता अनुसार निर्माण गर्ने व्यवस्थालाई कार्यान्वयन गरिनेछ भने बनिसकेका भवन र संरचनाको अभिलेखिकरण कार्यक्रमको सुरुवात गरिनेछ।

४२.यस भन्दा अगाडी संझौता भई क्रमागत रुपमा रहेका भवन संरचनाका योजनामा बजेट सुनिश्चित गरिनेछ।

४३. नगरपालिकाको प्रशासनिक भवन, निर्माणधिन वडा कार्यालयको भवन र बहुउद्देश्यीय नगर सभाहल सम्पन्न गरिनेछ। यस अघि नेपाल सरकारको विभिन्न निकायको लागत र साझेदारीमा बनेका सार्वजनिक भवनहरुको विवरण अध्यावधिक गरि सार्वजनिक र सामूदायिक कामका लागि प्रयोगमा ल्याईनेछ।

४४.नगरपालिका भित्रका सिँचाईको स्रोत भएका सम्भावित सिँचाई आयोजनाहरु कार्यान्वयन गरिनेछ। उच्च मुल्यको कृषि उत्पादन हुने क्षेत्रमा थोपा सिँचाई, आकाशे पानी संकलन केन्द्रहरु निर्माण गर्न जोड दिईनेछ।

४५.सबै नागरिकको घरमा विधुत पहुँच सुनिश्चित गरिनेछ। पालिका भित्र रहेका काठेपोल विस्थापन गर्न सरोकारवाला निकाय सँग आवश्यक समन्वय गरिनेछ।

४६.जैमिनी नगरपालिका भित्र सब स्टेशन निर्माणका लागि नेपाल विधुत प्राधिकरणसँग पहल गरिनेछ।

४७. सबै वडा कार्यालयमा हाई स्पिड इन्टरनेट विस्तारका लागि पहल गरिनेछ।

४८.नगरपालिकाले निर्माण गरेको नगर सडक यातायात गुरुयोजना र जग्गा वर्गिकरणले निर्धारण गरेका क्षेत्रहरुको उपयोगिताको आधारमा विकास संरचना तयार गर्ने नीति लिईनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

### वन वातावरण र भू संरक्षण तथा विपद् व्यवस्थापन:-

४९.विपद उत्थानशिल समाज सिर्जना गर्नेमा जोड दिदै विपद् प्रतिकार्य योजना अनुसार विपद्जन्य जोखिमको पुर्वानुमान, रोकथाम, राहत र पुर्नस्थापनाका लागि आवश्यक तयारी गरिनेछ। विपद् प्रतिकार्य योजनालाई अध्यावधिक गरिनेछ।

५०.विपदबाट हुन गएको धनजनको क्षतिमा नगरपालिकाको तर्फबाट राहत उपलब्ध गराउने उदेश्यले स्थापना गरिएको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिईएको छ।

५१.विपद् जोखिम क्षेत्रको पहिचान गरि प्रभावमा आधारित मौसम पुर्वानुमानको जानकारी गराउने तथा विपद्का घटनामा तिब्र समन्वय र प्रतिकार्य गर्नका लागि आपत्तकालिन कार्यसञ्चालन केन्द्र स्थापना गरिनेछ। विपद्को तिब्र सूचनाका लागि आवश्यक स्वयमंसेवक सञ्चार प्रणालीको विकास गरिनेछ।

५२.अमलपाटा वाओ भू गर्व अध्ययन प्रतिवेदनले देखाएको जोखिमको पुर्व तयारी गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। कमजोर भु-बनोट रहेका स्थानमा वातावरण संरक्षणका लागि बृक्षारोपण गरिनेछ। अन्य विपद् जोखिम रहेका स्थानहरुमा भौगर्विक अध्ययन गरिनेछ।

५३.विपद् प्रतिकार्य तयारीका लागि विभिन्न संघ संस्थासँग समन्वयमा साझेदारीमुलक विपद् प्रतिकार्य सम्बन्धी तालिम र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

## फोहोरमैला व्यवस्थापनः-

५४.फहोरमैलाको सहि व्यवस्थापनका लागि उत्पन्न विन्दुमा फोहोरको वर्गीकरण गर्न प्रचारात्मक अभियान चलाईनेछ भने सुविधा सम्पन्न फोहोरमैला प्रशोधन केन्द्र निर्माणका लागि जग्गा व्यवस्थापन सहित लगानी स्रोतको खोजी गरिनेछ। फोहोर मैला ब्यवस्थापनका लागि अन्तरपालिका साझेदारीको लागि पहल गरिनेछ।

५५.वातावरणमैत्री स्थानीय शासनलाई आत्मसाथ गर्दै सबै वडा तहमा फोहोरमैला उत्सर्जनलाई सहि व्यवस्थापन गर्ने प्रणाली विकास गरिनेछ। ४० माईक्रोम भन्दा कम तौलका प्लाष्टिकजन्य झोलाको बिक्रि वितरणलाई बन्द गरिनेछ।

५६.जैमिनी नगरपालिकाको नगर क्षेत्र र नगरउन्मुख क्षेत्रलाई सफा सुन्दर र व्यवस्थित राख्न टोल विकास संस्थाहरु गठन गरि परिचालन गरिनेछ। बजार क्षेत्रमा कम्तिमा **एक घर एक गमला** कार्यक्रम प्रवर्द्दन गरिनेछ।

## सामाजिक विकास

## शिक्षा यूवा तथा खेलकुदः-

५७.**गुणस्तरीय शिक्षाको आधारशिला, सुधारिएको पाठशाला** भन्ने मुल नारा सहित गुणस्तरीय शिक्षण सिकाई वातावरण तयार गर्न विद्यालयको परिसर देखि कक्षा कोठा सम्म, शिक्षक प्रधानाध्यापकको भूमिका देखि अभिभावकको जिम्मेवारी सम्म निर्धारण गरिएका सुचक सहितको शिक्षाको न्यूनमत् सेवा गुणस्तर मापदण्ड EMSS निर्देशिका लागु गरिनेछ। सूचकहरुलाई वस्तुगत र मापनयोग्य बनाईनेछ। सुचकको आधारमा प्रोत्साहन र पुरस्कार समेतको व्यवस्था गरिनेछ। हरेक वर्ष उत्कृष्ट शिक्षक, उत्कृष्ट विद्यार्थी र उत्कृष्ट वर्ष विद्यालय (School of the Year) र उत्कृष्ठ उद्यमी अभिभावकलाई सम्मान तथा पुरस्कार दिईनेछ।

५८.सामुदायिक विद्यालयहरुको शैक्षिक सुधारका लागि जैमिनी नगरपालिकामा छनौट भएको लिड स्कुललाई मुर्त रुप दिई नगर क्षेत्रकै उत्कृष्ठ शैक्षिक गन्तब्यको रुपमा विकास गरिनेछ। Learning, Earning and Developing को सोच सहितको यस

विद्यालयलाई सबै शैक्षिक संस्थाहरुको नेतृत्वदायी संस्थाको रुपमा विकास गरिनेछ । LED विद्यालयका लागि आवश्यक साधन स्रोतका जुटाउन संघ, प्रदेश सरकार एंव निजी क्षेत्रसँग समेत साझेदारीका लागि पहल गरिनेछ ।

५९. **एक वडा एक आवासिय विद्यालय, एक विद्यालय एक करेसावरी** बनाउने गरि हरित विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट विधार्थीहरुलाई उपयुक्त सिकाई वातावरण र पोषिलो आर्गानिक खाजा समेत तयार हुने विश्वास लिईएको छ।

६०. नगरपालिकाले प्राविधिकधारको विद्यालय सञ्चालनका लागि गर्दै आएको सहयोगलाई निरन्तरता दिदै छात्रावासको स्तरोन्नतीका लागि समेत आवश्यक प्रवन्ध गरिनेछ । साथै शान्तिदिप बहुमुखि क्याम्पसको स्नातक तह छात्रवृत्ति कार्यक्रमलाई साझेदारी मोडलमा निरन्तरता दिईएको छ ।

६१. ज्ञानमा आधारित सिप र सिर्जना विकास गर्ने हेतुले भोकेशनल ट्रेनिङ सहित नवप्रवर्तनमा आधारित प्रवर्तनशाला तथा व्यावसायिक सिप विकास केन्द्र निर्माणको प्रक्रिया अगाडि बढाईनेछ ।

६२. विदेशमा वा स्वदेशमा आर्जन गरेको ज्ञान र सिपलाई परिक्षण गरि प्रमाणपत्र प्रदान गर्ने वातावरणका लागि प्रदेश सरकारसँग साझेदारी गरिनेछ ।

६३. परम्परागत असल अभ्यास र ज्ञानको हस्तान्तरण गर्न जैमिनी संस्कार शिक्षा कार्यक्रम लागु गरिनेछ । बेद विद्याश्रम विषय सहितको संस्कृत भाषाको अध्ययन अध्यापन हुने विद्यालयको कक्षोन्नती गरिनेछ ।

६४. नगरस्तरीय सार्वजनिक पुस्तकालय स्थापनाका लागि स्थानीय बुद्दिजीवि, गैसस लगायत सँग समन्वय गरिनेछ । सामुदायिक सिकाई केन्द्रलाई थप व्यवस्थित बनाई विविध तालिम सञ्चालन गर्न अनुदानको व्यवस्था गरिनेछ ।

६५. SEE दिने विधार्थीको मनोबल बढाई प्राप्ताङ्कमा सुधार गर्न क्रयास् कोर्स सञ्चालन गरिनेछ ।

६६. बालबालिकामा अन्तरनिहित विभिन्न प्रतिभाको प्रष्फुटनका लागि नगर स्तरीय अतिरिक्त क्रियाकलाप, पढाई मेला, प्रतिभा पहिचान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय प्रतिभालाई राष्ट्रिय मञ्चहरुमा पुग्न सक्ने वातावरण बनाउन सहयोग गरिनेछ ।

६७. सामुदायिक विद्यालयको सत्यापन कार्य सञ्चालन गरी भौगोलिकता, विद्यार्थी सङ्ख्या तथा आवश्यकताका आधारमा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान एवं व्यवस्थापन र पुनर्वितरण गरिनेछ ।

६८. सम्बन्धीत वडा कार्यालयसँगको समन्वयमा उत्कृष्ठ उद्यमी अभिभावक सम्मान कार्यक्रम गर्ने व्यवस्था अझै प्रभावकारी बनाइनेछ ।

६९. खेलकुद विकासका लागि विभिन्न खेल गतिविधिहरु सञ्चालन गरिनेछ । जसका लागि नगर खेलकुद विकास समितिलाई थप व्यवस्थित गर्न स्रोत साधनको प्रवन्ध गरिनेछ । बार्षिक खेलकुद तालिका बनाई खेल गतिविधि हुनेछन् । नगर स्तरमा एक खेलकुद शिक्षकको व्यवस्थालाई निरन्तरता दिँदै खेलकुद, सिकाई र प्रतिभाको छनौटलाई व्यवस्थित गरिनेछ ।

७०. राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७१. विद्यालय स्तरमा स्काउट ट्रुपको गठन, परिचालन गरी शिक्षक विद्यार्थीलाई अनुशासन नैतिकता र समाज सेवामा लाग्ने उत्प्रेरणा अभिवृद्दि गरिनेछ ।

७२. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्न आवश्यकताका आधारमा शैक्षिक सामग्री तथा पाठ्यसामग्रीहरु वितरण गर्नुका साथै वार्षिक शैक्षिक क्यालेण्डर र शैक्षिक योजना निर्माण गरी सम्पुर्ण विद्यालयको शैक्षिक गतिविधीहरुमा एकरुपता कायम गरिनेछ । शैक्षिक सामग्री तथा पाठयोजना सहितको शिक्षक डायरी सहित शिक्षक कक्षाकोठामा प्रवेश अनिवार्य बनाइनेछ । विषयगत शिक्षक तालिम, पुनर्ताजगी तालिम, सुचना प्रविधि तालिम, विद्यालय लेखा र जिन्सी व्यवस्थापन तालिम तथा प्रअहरुलाई विद्यालय व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

७३. प्र.अ., बालविकास सहजकर्ता र नगर शिक्षा समिति बैठक व्यवस्थित गर्नुका साथै विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा शिक्षक अभिभावक संघका अध्यक्षहरुलाई काम, कर्तब्य र अधिकार प्रति सचेत र जागरुक गराईनेछ ।

७४. सबै सामूदायिक विद्यालयहरुलाई जङ्क फुड निषेधित क्षेत्र घोषणा गरि विद्यालयमा दिवा खाजा कार्यक्रम व्यवस्थित गरिनेछ । कक्षा ६ देखी कक्षा १२ सम्म अध्ययन गर्ने सामूदायिक विद्यालयका सबै छात्राहरुलाई सेनेटरी प्याड व्यवस्था गरिनेछ र डिस्पोजल मेसिनको प्रयोग अनिवार्य गरि विद्यालयमा स्वास्थ्य र सरसफाई मापदण्ड लागु गरिनेछ ।

७५. सबै माध्यमिक र आधारभुत विद्यालयहरुमा विज्ञान प्रयोगशाला र ICT Lab को व्यवस्था गरिनेछ । साथै माध्यामिक तहको विद्यालयमा स्थानीय ज्ञान र पहिचानमा आधारित सामाजिक सास्कृतिक संग्रहालय स्थापना गरिनेछ ।

७६. सबै सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानीका लागि बालमैत्री धारा र शौचालय निर्माण गर्न पहल गरिनेछ ।

७७. माध्यामिक विद्यालयका १ देखि ३ कक्षा सम्मका विद्यार्थीहरुका लागि (Creative Learning with Book Free Friday Program ) सञ्चालन गरिनेछ ।

## स्वास्थ्य नीतिः-

७८. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आधारभूत स्वास्थ्य सेवालाई स्तरीय बनाउन आधारभूत स्वास्थ्य सेवा ऐन,२०८१ जारि गरिनेछ । ऐनको परिधि भित्र रहि सर्वपक्षीय सहभागिता हुने गरि निशुल्क उपचार गर्ने सोच सहित नागरिक स्वास्थ्य उपचार कोषको व्यवस्था गरिनेछ ।

७९. स्वास्थ्य संस्थाहरुको न्यूनतम् सेवा स्तरीयकरणको लागि सूचकमा आधारित न्यूनतम् सेवा मापदण्ड MSS लाई सबै स्वास्थ्य संस्थामा लागु गरिनेछ । यहि सुचक केन्द्रित गरि साधन स्रोतको प्रवन्ध गर्ने व्यवस्था मिलाईनेछ ।

८०. जैमिनी नगरपालिकाको केन्द्र कुश्मिसेरामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नती गरि नगर अस्पताल निर्माण गरिनेछ। नगर अस्पतालको लागि १५ शैयाको भवन निर्माणका लागि आवश्यक स्रोतका लागि संघ सरकारसँग पहल गरिनेछ ।

८१. नगर अस्पतालमा अत्याधुनिक Computed Radiography मेशिन जडान गरि सुविधा सम्पन्न स्वास्थ्य परिक्षण ल्याब स्थापना गरिनेछ ।

८२. स्वास्थ्य विमालाई आम नागरिकको पहुँचमा पुर्याउन थप प्रचारात्मक अभियान सञ्चालन गरिनेछ ।

८३. विभिन्न स्वास्थ्य शिविर सहित विशेषज्ञ सेवा दिन थप पहल गरिनेछ भने यस बर्ष देखि किशोरीहरुको लागि पाठेघरको मुखको क्यान्सर सम्बन्धी खोप कार्यक्रम सञ्चालन गरिनेछ । पूर्ण खोप कार्यक्रम सुनिश्चता प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईएकोछ।

८४. स्वास्थ्य र निरोगिता प्रवर्धनका लागि  योग र ध्यानमा आधारित जीवनशैली विकास गर्न खुला स्थानमा योग शिविर सञ्चालन गरिनेछ। आर्युवेद संस्थाको सेवालाई विकेन्द्रिकरणको सोच सहितको नागरिक आरोग्य क्लिनिक कार्यक्रम सञ्चालन गरिनेछ।

८५. वनजन्य जटिबुटिको पहिचान र त्यसको आयुर्वेदिक उत्पादन गर्न आवश्यक सहयोग गरिनेछ।

८६. प्रविधि मैत्री स्वास्थ्य परामर्श सेवाको सुरुवात गरिनेछ। विपन्न नागरिकको स्वास्थ्य उपचारको लागि दिईने सहयोगलाई निरन्तरता गरिरएको छ।

८७. गर्भाअवस्थामा हुने जटिलता पत्ता लगाई उपयुक्त उपचार सेवा प्रदान गर्ने उद्देश्यले ग्रामिण भिडियो सेवालाई निरन्तरता दिईनेछ।

८८. सुनौला हजार दिनका आमा र बच्चाको स्वास्थ्य सुरक्षा र वृद्दि सुनिश्चित गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनका लागि आवश्यक प्रवन्ध गरिनेछ। आपतकालिन उपचारका लागि तत्काल अस्पताल पुर्याउने उदेश्यले प्रत्येक वडामा हेलिप्याडको स्थापनाका कार्यलाई निरन्तरता दिईएको छ।

## खानेपानी तथा सरसफाईः-

८९. खानेपानी तथा सरसफाई सम्बन्धी Wash Plan  लाई कार्यान्वयनमा लगिनेछ। एक घर एक धारा कार्यक्रमलाई अभियानात्मक रुपमा अगाडि बढाईनेछ।

९०. खानेपानीको स्रोतको पानी परिक्षण गर्दा धैरै खानेपानीका स्रोतमा पिउन लायक पानी कम देखिएकाले मुहान संरक्षण कार्यक्रमलाई प्राथमिकता दिईएको छ।

९१. नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगरपालिका बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। पुर्ण सरसफाईयुक्त नगरपालिका बनाउन गैरसरकारी संस्थाहरु सँग समन्वय गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणः-

९२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि लैसस रणनीतिले तय गरेको लक्ष्य र उद्देश्य अनुरुप  लगानी केन्द्रित गरिनेछ।

९३. बालबालिका लगानी सुनौलो भविष्यको थालनी भन्ने नारा सहित बालमैत्री स्थानीय शासन स्थापनाका लागि सुरुवात गरिएको अभियानात्मक कार्यक्रमलाई आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। बालमैत्री स्थानीय शासनका सूचकहरुलाई पूर्णता दिन बहुपक्षिय सहभागीत्मक सचेतनामूहल अभियानहरु सञ्चालन गरिनेछ।

९४. बालमैत्री स्थानीय शासनको सूचकको प्रारम्भिक अवस्था मापन गरी पञ्चबर्षिय आवाधिक लगानी योजना तयार गरिनेछ।

९५. बाल बचाउ , बाल संरक्षण, बाल विकास र बाल सहभागिताको प्रर्वद्दनका लागि बाल समूह बाल सञ्जाल र बालबालिकाका विभिन्न समितिहरुको परिचालन गरिनेछ। बालमैत्री स्थानीय शासनका सूचक केन्द्रित पक्षहरुलाई जिम्मेबार र जवाफदेही बनाईनेछ। सार्वजनिक स्थल, सरकारी कार्यालयहरुलाई बालमैत्री बनाईनेछ भने बालमैत्री पुर्वाधार तयार गर्ने नीति अबलम्बन गरिनेछ।

९६. संयुक्त राष्ट्रसंघीय अभिसन्धी १३२५ र १८२०का प्रतिवद्दता कार्यान्वयनका लागि आवश्यक नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

९७. दलित वर्गको ईतिहास, संस्कृतिलाई संरक्षण सहित दलित र उत्पिडनको ईतिहासलाई लिपिबद्द गर्ने र दलित वर्गको सशक्तिकरण गर्ने उदेश्यले राष्ट्रिय दलित संग्रहालयको स्थापनाको लागि संघ प्रदेश सरकार र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

९८. दलित समूदायको सशक्तिकरण र क्षमता विकासका लागि भगत सर्वजित विश्वकर्मा आयमूलक क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ । छुवाछुत मुक्त राष्ट्र घोषणा दिवस लगायतका दिवसिय कार्यक्रमलाई सचेतनामूलक रुपमा प्रचारात्मक तरिकाले सञ्चालन गरिनेछ ।

९९. लैङ्गिक हिंसा निवारणका लागि जोड कोषको व्यवस्था गरिनेछ ।

१००. **"छोरी जन्मे घर, खुसीको लहर"** भन्ने मुल नारा सहित **जैमिनीकी छोरी कार्यक्रम** सञ्चालन गरिनेछ । यसले छोरीको पहिचान सँगै गैहकानूनी रुपमा हुने भ्रुण हत्या रोक्न र छोरी माथी हुने सामाजिक असमानता अन्त्य गर्न सहयोग पुग्ने विश्वास लिईएको छ ।

१०१. असहाय बालबालिकाको सुनौलो भविष्य सुनिश्चितका लागि त्यस्ता बाल बालिकाको संरक्षकत्व जैमिनी नगरपालिकाले लिनेछ । यसका लागि बाल संरक्षण कार्यक्रमको रुपमा आवासिय व्यवस्था सहित शैक्षिक व्यवस्था गरिनेछ । कार्यविधि बनाई व्यक्ति र संस्थालाई समेत यो पुन्य काममा सरिक गराउने नीति लिएको छ ।

## सामाजिक सुरक्षाः-

१०२. सबै वडाबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली अनलाईन मार्फत गरिनेछ । सामाजिक सुरक्षा प्रणालीलाई थप व्यवस्थित गर्न बायोमेट्रिक प्रणालीलाई अपनाईनेछ ।

१०३. घरबारविहिनलाई घर र फूसका छाना विस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ । सुकुम्बासी सम्बन्धी तथ्याङ्क एकीन गरि यसै बर्ष नगरपालिकालाई सुकुम्बासी मुक्त पालिका घोषणा गरिनेछ ।

१०४. सामाजिक सुरक्षा वितरण प्रणालीमा जेष्ठ नागरिकको नियमित स्वास्थ्य चेक जाँचको समेत प्रवन्ध गरिनेछ । सामाजिक सुरक्षा भत्ता सँगै स्वास्थ्य जाँचको लागि टोली टोल स्तर सम्म परिचालन गरिनेछ ।

१०५. असक्त अपाङ्ग ब्यक्तिको जीविकोपार्जनका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ भने अपाङ्गता सहायता सामग्रीका लागि आवश्यक वजेटको प्रवन्ध गरिनेछ ।

## श्रम रोजगार प्रवर्धन र विकासः-

१०६. यस बर्ष नगरपालिकाले रोजगार खोज्ने, रोजगार दिने र सम्भावित रोजगारीका क्षेत्रहरुको अध्ययन गरि रोजगार सिर्जना गर्ने उद्देश्यले नगरस्तरीय रोजगार रणनीति निर्माण गरिनेछ ।

१०७. वैदेशिक रोजगार सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ । त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ । जैमिनी नगरपालिकाका बासिन्दालाइ विदेशमा काम लाग्ने खालको सीप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाने व्यस्थाका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।

१०८. वैदेशिक रोजगारीमा जान लागेकाहरुलाई विदेश जाने क्रममा प्रयोग भएका कागजातहरुको प्रतिलिपिहरु एक प्रति कागजात घरमै छाड्न र गैसकेकाहरुलाइ विदेशबाट पठाउन प्रोत्साहन गर्ने नीति लिइनेछ । जसले गर्दा कुनै समस्या परेमा उद्दार, राहत तथा समन्वयमा सहजता हुनेछ ।

१०९. वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोग गरी नगरपालिकाको आर्थिक वृद्दिमा परिचालन गरिनेछ । त्यसका लागि आवश्यक कार्यक्रम तथा नीतिको व्यवस्था गरि पुन एकीकरण कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ ।

११०. बैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारका सदस्यहरुमा देखापर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखिम न्यूनीकरण तथा ब्यवस्थापनको लागि व्यक्तिगत र सामूहिक मनोपरामर्श सेवाका कार्यक्रम सञ्चालन गरिनेछ ।

१११. वैदेशिक रोजगार बाट प्राप्त विप्रेषणको उपयोगका लागि वित्तिय साक्षरता कार्यक्रमलाइ अभियानको रुपमा सञ्चालन गरिनेछ। यसका लागि पालिका क्षेत्रभित्रका बैङ्क तथा वित्तीय संस्थाहरु सँग समन्वय गरिनेछ ।

११२. सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामुलक होर्डिङ बोर्डहरु विभिन्न स्थानमा राख्ने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।

११३. स्थानीय तहबाट नै श्रम स्वीकृतीको प्रक्रियालाइ अझै प्रभावकारी र सेवाग्राही मैत्री बनाइनेछ ।

११४. वैदेशिक रोजगार बाट फर्किएका व्यक्तिहरुको निशुल्क सीप परीक्षणको व्यवस्थाका लागि प्रदेश सरकारको समन्वयमा आवश्यक पहल गरिनेछ ।

## सुशासन तथा संस्थागत विकासः-

११५. नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनलाई नतीजासँग जोडन र कार्यसम्पादन सूचकका आधारमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ ।

११६. नगरपालिकाले प्रदान गर्ने सेवाहरु एकिकृत रुपमा प्रदान गर्न नगर कार्यपालिकाको परिसरमा एकल विन्दु सेवा प्रवाह केन्द्र (One spot facilitation center) को स्थापना गरि संचालनमा ल्याइनेछ ।

११७. नगरपालिका, वडा कार्यालय र सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा न्यूतम सेवा प्रवाह मापदण्ड तर्जुमा गरी कार्यान्वियन गरिनेछ ।

११८. नगरपालिकाका निर्माण हुन वाँकी वडा कार्यालय भवनको लागि आवश्क वजेटको व्यवस्था गरी निर्माण कार्य अगाडि वढाईनेछ ।

११९. सेवाग्राहीहरुको सहजताका लागि वडा कार्यालयहरुमा नै योजना सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२०. नगरसभा र नगरपालिकाका विषयगत समितिहरुको क्षमता विकासको कार्यक्रमहरु संचालन गरिनेछ । लेखा समितिलाई क्रियाशिल बनाई महालेखा परिक्षकको कार्यालयवाट नगरपालिकाको नाममा कायम भएका बेरुजुहरुको सम्परिक्षण तथा

फछयौट कार्यमा कार्यतालिका बनाई परिचालन गरिनेछ । सार्वजनिक खर्चको प्रभावकारितामा जोड दिँदै आर्थिक क्रियाकलाप संचालन गर्दा विनियोजन कुशलता, खर्चमा दक्षता र आर्थिक अनुशासनको मान्यतालाई अवलम्बन गरिनेछ ।

१२१. सेवा प्रवाह सुधार तथा सेवाग्राही सन्तुष्टिका लागि व्यवस्थापन परिक्षण सार्वजनिक सुनुवाई सेवाग्राही सन्तुष्टी सर्वेक्षण जस्ता विधिको प्रयोग गरिनेछ । वडा तथा नगर कार्यपालिकावाट प्रवाह हुने सेवालाई अनलाइन रजिष्ट्रेशन, कम्प्युटर बिलिङ जस्ता सूचना प्रविधिको प्रयोग मार्फत  सफ्टवेस रुपमा नागरिक मैत्री बनाईनेछ ।

१२२. भ्रष्ट्चारजन्य क्रियाकलाप प्रति शुन्य सहनसिलताको नीति अवलम्बन गर्दै नगरपालिकाका नीति तथा कानुनहरुको व्यापक प्रचारप्रसार, कार्यविधि सरलिकरण, व्यवस्थित नागरिक सहायतता कक्ष, प्रभावकारी गुनासो सुनुवाई संरचनाको व्यवस्था, जनप्रतिनिधि र कर्मचारीको जवाफदेहिता अभिवृद्धि गर्द ै सूचना र सेवालाई पारदर्शि बनाउन मिडिया सँग सहकार्य  र साझेदारी गरिनेछ ।

१२३. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ । सोही सर्वेक्षण प्रतिवेदन बमोजिम कार्यरत सबै कर्मचारीहरुको कार्य विवरण तयार गरी सो अनुसार कार्यसम्पादन गर्ने व्यवस्था मिलाईनेछ ।

१२४. कर्मचारी तथा शिक्षकको आन्तरिक सरुवालाई व्यवस्थित पारदर्शी र अनुमानयोग्य बनाउन आन्तरिक सरुवा सम्बन्धी मापदण्ड जारी गरिनेछ ।

१२५. नयाँ प्रवेशी स्थायी कर्मचारीलाई निश्चित समय ( On the Job) सेवा प्रवेश तालिम सँगै Know Your Municipality (KYM) नगर दर्शन  कार्यक्रममा अनिवार्य गरिनेछ । यसले नवप्रवेशी कर्मचारीलाई नगरपालिकाको सामाजिक, सांस्कृति र भौगोलिक सुचनाको जानकारी भई सेवा प्रवाहमा सहजता आउने विश्वास लिईएको छ ।

१२६. सार्वजनिक सरोकारका विषयमा सार्वजनिक सञ्चारका माध्यमबाट आम नागरिकलाई सूचना प्रवाहका लागि सहकार्य गरिनेछ । स्थानीय नागरिक समाज, बुद्दिजीवि समाजसेवि लगायत सचेत सबै नागरिकसँग मैत्रीपूर्ण सहकार्यलाई अभिबृद्दि गरिनेछ ।

## अन्तरसम्बन्धित विषयहरुः-

१२७. **समृद्द जैमिनीका लागि जागरुक जैमिनीबासी** भन्ने मुल नारा सहित राजश्व सुधारका क्षेत्रहरुमा राजश्व सुधार कार्ययोजनाले दिएका सुझावहरुलाई कार्यान्वयन गरिनेछ । व्यवसायीमैत्री वातावरण निर्माणका सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

१२८. राजश्व संकलन प्रणालीलाई सुत्र  SUTRA मोडलमा लगिनेछ । आत्मसम्मान सहित सरल तरिकाले कर तिर्ने वातावरण बनाउन सुचना तथा सञ्चार प्रणालीको प्रयोगमा जोड दिईनेछ ।

१२९. प्राकृतिक स्रोतको बिक्रि वितरणका लागि सम्भावित नदि, खोलाजन्य पदार्थ, स्लेट र ढुङ्गा खानी सम्बन्धी प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन गरिनेछ ।

१३०. सिकाई परियोजना, ग्रामिण स्वास्थ्य सुधार परियोजना तथा झेलुङ्गे पुल निर्माणका लागि BYC / Fairmed , भि एस ओ नेपाल, हेम्पेल फाउन्डेशन लगाएतका गैर सरकारी संघसंस्था सँगको सहकार्यलाई निरन्तरता दिईएकोछ ।

१३१. Wash Plan सहित एक घर एक धारा लगायतका कार्यक्रममा नेवा लगाएतका संस्थासँग लागत साझेदारी गरिनेछ ।

१३२. जैमिनीका नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने रक्तसञ्चार केन्द्र, धौलागिरी पोजेटिभ समूह लगायतका संघ संस्थासँग समन्वय र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. धुवा रहित चुल्हो स्थापना गरि गृहणीको स्वास्थ सुधार गर्ने मुल उद्देश्यले दिगो उर्जाको स्रोत विधुतमा आधारित विधुतिय चुल्हो प्रवर्धनका लागि सरोकारवाला संघ संस्थासँग समन्वय गरिनेछ ।

१३४. मेलमिलापकर्ताको रुपमा सुचिकृत भएका मेलमिलापकर्ताहरुलाई शान्ति र विकास दुतका रुपमा परिचालन गरिनेछ । समूदाय स्तरमा विवादहरुको निरुपण कार्यलाई प्रभावकारी बनाईनेछ । मेलमिलाप कार्यमा आमा समूह युवा क्लब लगायतका सामाजिक संघ संस्थाहरुसँग समन्वय गरिनेछ । न्यायिक सचेतना र कानूनी साक्षरता तल्लो स्तर सम्म सञ्चालन गरिनेछ ।

१३५. नगर क्षेत्रभित्रका सार्वजनिक सम्पतिको विवरण तयार गरिनेछ । सार्वजनिक सम्पतिको दुरुपयोग रोक्दै यस्ता सार्वजनिक सम्पतिको संरक्षण र समुचित प्रयोगको लागि ध्यान दिईनेछ ।

१३६. आगामी आ. ब. को वार्षिक योजना तर्जुमा गर्दा सन् २०३० सम्म पुरा गर्ने गरी तोकिएका दिगो विकासका लक्ष्यहरु (SDGs) लाई विषयगत क्षेत्र अनुसार स्थानीयकरण गरि योजना तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा उपयुक्त रणनीति तयार गरि लागु गरिनेछ ।

१३७. नगरपालिकाको श्रोत साधनलाई मध्य नजर गरि आवश्यकता अनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, सडकवोर्ड नेपाल र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संघ संस्थाहरु सँग सहकार्य गर्दै अगाडि बढ्ने नीतिलाई निरन्तरता दिइनेछ । देश भित्र र बाहिरका संघ संस्थाहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्वन गरिनेछ ।

१३८. नगरपालिका भित्र गरिने खोज अन्वेषण, अनुसन्धान, नवप्रवर्तन र आविष्कार जस्ता अनुसन्धानमूलक कार्यका लागि समन्वय र प्रोत्साहन गरिनेछ ।

१३९. जैमिनी नगरपालिका भित्रको शान्ति सुरक्षा व्यबस्थालाई व्यवस्थित र प्रभावकारी बनाई नागरिकहरुको भरोसा योग्य बनाउन सुरक्षा निकायसँग सहकार्य गर्दै नगर भित्रका सुरक्षा निकायलाई सवलीकरणमा सहयोग गरि थप प्रभावकारी बनाइनेछ ।

१४०. टोल विकास संस्थाहरु गठन नभएका स्थानहरुमा टोल विकास संस्थाहरु गठन गरि उद्देश्यको वारेमा बोध गराइ प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४१. बसाई सराई र आप्रवासन जैमिनी नगरपालिकाको लागि चुनौतिको विषय बनेको छ । नगरबासीलाई आफ्नो थातथलोमा बसाई राख्न आवश्यक पर्ने भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य र सुरक्षाको प्रत्याभूति गर्न सरोकारवाला निकायहरुको पहलमा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

१४२. अन्त्यमा, **समृद्द जैमिनी खुसी र आत्मनिर्भर जैमिनीवासी**को नारालाई सफल पार्न कृषि उत्पादन पर्यटन र पुर्वाधार निर्माणमा जैमिनी नगरपालिकाको विशेष ध्यान दिएको छ । जैमिनीवासी नागरिकको जीवनस्तर उकास्न नगरपालिकाले

लिएका नीति कार्यक्रम र बजेटमा यहाँहरु सबैको जागरुक सहभागिता र सचेत खबरदारीको पनि अपेक्षा गर्दछौ । संस्थागत सुशासन कायम गर्दै उपलब्ध स्रोतको अधिकतम परिचालन गर्ने नगरपालिकाको नीतिमा सबैको साथ सहयोगको अपेक्षा गर्दछु । नगरका सबै क्षेत्रमा समृद्दिको अभियानलाई साकार बनाउन यहाँहरु सबैको उत्साहपूर्ण सहभागिताको लागि अनुरोध गर्दछु । धन्यवाद ।